नेपाली राजदूतावास
वासिङ्गटन डि.सी.

**EMBASSY OF NEPAL**
**2730 34TH PLACE N.W.**
**WASHINGTON, D.C. 20007**

# खण्डन

विभिन्न सामाजिक संजालमा **"दूतावासलाई अमेरिकामा नेपाली समुदायले बुझाएको रकम अमेरिकी डलर १२,३८,८७७.८५ मध्ये अमेरिकी डलर ८,००,००० जम्मा भएको र अमेरिकी डलर ४,३८,८७७.८५ कता हरायो महामहिम राजदूतज्यू ?"** भनी अभिव्यक्त भनाई प्रति नेपाली राजदूतावास, बासिङ्गटन डि.सी.को गम्भिर ध्यानाकर्षण भएको छ।

परराष्ट्र मन्त्रालयको निर्देशनबमोजिम भुकम्पपिडितको लागि सहयोग संकलनको प्रयोजनार्थ वासिङ्गटन डि.सी.स्थित Citibank मा खोलिएको खाता नं ९२५०६००८०१ मा जम्मा भएको अमेरिकी डलर **१२,३८,८७७.८५ मध्ये अमेरिकी डलर २२७.५१ बैंक शुल्क कट्टा गरी )** अमेरिकि डलर १२,३८,६५०.३४ श्री प्रधानमन्त्री दैवि प्रकोप उद्वार कोषको नाममा नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ००२-११-०५३३१३ मा जम्मा भएको जानकारी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पत्र संख्या आ.प्र. ०७३/७४, च.नं. ३२/०७३/७४/९६० र मिति २०७३/५/१२ को पत्रबाट प्राप्त भएको र वासिङ्गटन डि.सी.स्थित Citibank मा खोलिएको खाता नं ९२५०६००८०१ जम्मा भएको रकम र जम्मा गर्ने सबैको नाम पारदर्शीरूपमा राजदूतावासको Website, Facebook मार्फत सार्वजनिक गरिएको विवरणहरू हालसम्म पनि विद्यमान रहेको छ।

दूतावासलाई अमेरिकामा नेपाली समुदायले बुझाएको रकम श्री प्रधानमन्त्री दैवि प्रकोप उद्वार कोषमा जम्मा गरिएको बैंक ट्रान्सफरको जानकारी लिन चाहने सरोकारवाला इच्छुक व्यक्तिहरूले श्री **प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, श्री परराष्ट्र मन्त्रालय र राजदूतावासको कन्सुलर अधिकृतबाट** समेत थत्यसहित विस्तृत विवरण प्राप्त गर्न सक्नेछ।

उपर्युक तीन निकायसँग कुनै प्रतिक्रिया नलिई सत्य तथ्य नबुझी, मिथ्या र कपोकल्पिक भनाई Facebook मा Post गरी महामहिम राजदूतको चरित्र हत्या गर्ने र दूतावासलाई बदनाम गर्ने दुषित मनसायले सम्प्रेषण गरिएको यस्तो कपोलकल्पित, भ्रामक सूचना प्रति नेपाली राजदूतावास, वासिङ्गटन डि.सी. खेद प्रकट गर्दछ। सम्बन्धित निकायले उपलब्ध गराएको तथ्यलाई समेत वेवास्ता गर्दै बारम्बार चरित्र हत्या गर्न बदनियतपूर्ण ढंगबाट सामाजिक संजालमा सम्प्रेषण गरिएका यस्ता मिथ्या भनाईको नेपाली राजदूतावास, वासिङ्गटन डि.सी. खण्डन गर्दछ।

नेपाली राजदूतावास,
वासिङ्गटन डि.सी.
सेप्टम्बर १२, २०१९

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

आर्थिक प्रशासन

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : आ.प्र. ०७३/७४
च.नं. : ३२/०७३/७४/९६०

मिति : २०७३।५।१२

श्री नेपाली राजदूतावास ,
वासिङ्गटन डि.सि. ।

विषयः प्रमाणित गरि पठाईएको ।

उपरोक्त विषयमा तहाँको प.सं.DC/073/74/137 मिति २०७३।३।३२ को पत्रको सन्दर्भमा लेखिदैछ । त्यस दूतावासबाट नेपाल बैंक लि. मा रहेको यस कार्यालयको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको नाममा रहेको खाता नं. ००२-११-०५३३१३ मा विभिन्न मितिमा रकम US$ १२,३८,६५०.३४ (अमेरिकी डलर बाह्र लाख अठ्तीस हजार छ सय पचास र चौत्तिस सेन्ट मात्र) जम्मा भएको व्यहोरा प्रमाणित गरी पठाइएको छ ।

भूमिराज भूसाल
लेखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२११०७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np

# नेपाल बैंक लिमिटेड

(स्थापित १९९४)

काठमाण्डौ बैंकिङ्ग अफिस
कम्प्लाइन्स बिभाग

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

प.सं.२/का/७९/९८६ मिति:२०७३/०५/१२

श्री नेपाल सरकार,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
आर्थिक प्रशासन,
सिंहदरबार, काठमाडौं ।

**विषय :- रकम जम्मा गरिएको सम्वन्धमा ।**

महाशय,

उपरोक्त सम्वन्धमा तँहाको प.सं.आ.प्र.०७३/०७४,च.नं.३२।०७३।७४।८१० मिति २०७३।०५।०६को पत्रमा उल्लेख भए वमोजिम प्रधानमन्त्री दैवी प्रकोव उद्धार कोपको खाता नं. ००२–११–५३३१३ मा Embassy Of Nepal, Washington DC बाट प्राप्त USD १२,३८,६५०।३४ निम्न मितिमा जम्मा भएको व्यहोरा अनुरोध गर्दछौं ।

| Posted Date | USD Amount | NRS Amount |
|---|---|---|
| 2072-03-27 | 800000.00 | 80880000.00 |
| 2072-07-17 | 389975.00 | 40693891.25 |
| 2073-03-29 | 48625.34 | 5207773.91 |

नत्थी - ८ थान

बोधार्थ :-
१) नेपाल बैंक लिमिटेड,
प्र.का.लिगल एण्ड कम्प्लाइन्स डिभिजन

भवदीय,

(कृष्ण बहादुर अधिकारी)
प्रमुख